आज मिति २०७६ /०५/०४  गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ४० औ+ बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख

श्री कमला बस्नेत .......................नगर उप प्रमुख

श्री मान बहादुर खड्का.................(.प्र. प्र.अ.) सचिव

श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ .................. वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ .............. वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम .................... .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,

श्री गौरी थामी ......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,

श्री किरण वली.................... . कार्यपालिका सदस्य,

मिति २०७६/०५ /०४ गते
समय: बिहान ८ :००बजे

निर्णय नं १:- प्रस्ताब नं.१ (क) माथि छलफल गर्दा हरितालिका तीज २०७६ को पावन अवसरमा नगर उपप्रमुख श्री कमला बस्नेतज्यूको नेतृत्व र भीमेश्वर नगरपालिकाका महिला सदस्यज्युहरुको समन्वयमा नगरका सबै वडाहरुमा र नगरस्तरमा समेत बालमैत्री नगर घोषणा लक्षित वक्तृत्वकला, गायन नृत्य प्रतियोगिताहरु संचालन भैरहेको छ । यस कार्यक्रमका लागि वडाहरुमा सहभागी संख्यालाई आधार मानि प्रति सहभागी खाजा वापात रु १००/-का दरले, मुल्यांकन कर्ता यातायात खर्च एकमुष्ठ रु १५००/- र पुरस्कार बापत एकमुष्ठ रु ४०००/- र ब्यबस्थापन खर्च एकमुष्ठ रु १०००/- महिलासंग उपमेयर कार्यक्रमबाट उपलब्ध गराउने निर्णय गरियो ।
निर्णय नं १:- प्रस्ताब नं.१ (ख) हरितालिका तीज २०७६ को पावन अवसर पारेर नगर स्तरको बृहद गायन नृत्य प्रतियोगिताहरु संचालन गर्न महिलासंग उपमेयर शीर्षकबाट रु ५०,०००/- (पचास हजार ) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं २ :- प्रस्ताब नं.२ माथि छलफल गर्दा यस नगरपालिकाको करारमा जनशक्ति ब्यबस्थापन कार्यविधि २०७५ मा समयानुकुल संसोधन गरी तयार परिएको कार्यविधिको छनौटका आधारहरु अनुसूची-१,स्वीकृत गरी यस नगरपालिकाका वडाहरुमा सन्चालन हुने योजनाहरुको प्राविधिक कार्य सम्पादन गर्न ६ जना प्राविधिक कर्मचारीको सेवा करारमा लिन कार्यालयबाट सार्वजनिक सुचना जारि गरी प्राप्त दरखास्तावाला बीच शैक्षिक योग्यता, समावेसिता, तालिम, कार्यानुभव तथा प्रयोगात्मक, फिल्ड सर्वे परिक्षण परिक्षा र अन्तर्वार्ता समेतबाट सिफारिस समितिले तयार पारीएको नतिजाबाट योग्यताक्रमका आधारमा नतिजा प्रकाशन गरी ६ जनालाई सेवा करार गर्न र ३ जनाको नाम प्रतिक्षा सुचिमा राख्न कार्यालयलाई कार्यदिश दिने निर्णय गरियो ।

निर्णय नं ३ :- प्रस्ताब नं.३ माथि छलफल गर्दा नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा दोलखाबाट रक्त संचार सेवा संचालन गर्न आर्थिक सहयोगको प्रसताव पेश हुन आएको छ। आ.वा. ०७५/७६ मा यस नगरपालिकाबाट सो कार्यका लागि रु ४०,०००/- उपलब्ध गराएको देखिन्छ । अत्यावश्यक मानवीय स्वास्थ सेवा सुचारु राख्न नगरपालिकाबाट संघ /सस्था समन्वय बजेट शीर्षकबाट रु ४५,०००/- (पैतालिस हजार) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
निर्णय नं ४ :- प्रस्ताब नं.४. माथि छलफल गर्दा भीमेस्वर नगरपालिका वडा नं. ७ लागायत विभिन्न वाडाहरुको आफ्नै वडा कार्यालय भवन नहुदा सेवा प्रवाह असहज बनेको छ । भीमेश्वर ७ को कार्यालय स्थापना गर्न दुई तिहाई सेवाग्राहीलाई पायक पर्ने स्थानमा हाल स्वास्थ्य चौकी प्रयोगमा रहेको हुदा कुटीडाडा माध्यमिक बिद्धालयको करिव दुई रोपनी जग्गा वडा कार्यालय भवन निर्माण गर्न उपयुक्त भएको तर आवश्यक न्यूनतम क्षेत्रफल अपुग भएकोले उक्त जग्गासँग जोडिएका कित्ताहरू बाट नन्युनतम देखि ३ रोपनी सम्म जग्गा ब्यबस्थापन गर्नुपर्ने भएकोहुदा सार्वजनिक सुचना प्रकाशन गरी (घटाघट) प्रतिस्पर्धाको माध्यामबाट खरिद गर्ने प्रक्रिया बढाउने निर्णय गरियो ।

निर्णय नं ५ :- प्रस्ताब नं.५.१ माथि छलफल गर्दा कम्प्युटर एशोसिएसन नेपाल महासंघ (CAN ) दोलखा शाखा दोलखामा आई टी . सम्बन्धि कार्य गर्दै आएको एक गैर सरकारी सस्था हो । यसले आफ्नो आठौ वार्षिक साधारण सभाको अवसर पारेर दोलखा जिल्लाका ९ वटै स्थानीय सरकार प्रमुख, संघ सस्था, राजनीतिक दल, सुचना तथा संचार, शिक्षणसंस्था, बित्तिय सस्थाका प्रमुख समेतको सहभागितामा "दोलखा जिल्लामा स्मार्ट पालिका" को अवधारणा सम्बन्धि आन्तरक्रिया कार्यक्रम संचालन गर्न रु एक

लाख को प्रस्ताव पेश गरेको छ । बदलिदो जीवन शैली समेतलाई मध्ये नजर गरि उक्त सस्थालाई प्रबर्द्धनात्मक कार्यक्रम शिर्षक बाट रु २५,०००/- (पचिस हजार मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५ :- प्रस्ताब नं.५ .२ माथि छलफल गर्दा सेतिदेबी आधारभूत बिद्धालय भी न.पा. ७ एक सामुदायिक बिद्धालय हो । यस बिद्धालयमा वडा नं. ५ ,७ र शैलुङ गाउँ पालिका समेतका विधार्थी अध्ययनरत छन । बिद्धालय जाने बाटोमा कैजले खोलो रहेको र उक्त ठाडो खोलामा बर्साद्को समयमा पानीको वहाव बढ्ने भएकोले RCC पुल निर्माणका लागि करिव ६५ हजार लाग्ने र जना सहभागिता पनि कममात्र हुने भएकोले जनतासंग मेयर कार्यक्रमबाट रु ४०,०००/- ( चालिस हजार मात्र ) उपलब्ध गराउने ।

निर्णय नं ५ :- प्रस्ताब नं.५.३ माथि छलफल गर्दा यस वर्षको वर्षाको कारण यस नगरपालिकाको बिभिन्न वडाबाट बाढी पहिरोका निवेदन परिरहेका र कतिपय स्थानमा तत्काल सहयोग गर्नुपर्ने देखिन्छ । मानवीय सम्वेदंशिलाता समेतलाई मध्यनगर गरि आवस्यकताका आधारमा वडा कार्यालयको सिफारिस र प्राबिधिक प्रतिवेदन प्राप्त गरि प्रति प्रकोप/घटनाका लागि रु १०,०००/- देखि १,००,०००/-सम्म बिपद ब्यबस्थापन कोष बाट उपलब्ध गराउन नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ६:- प्रस्ताब नं.६ माथि छलफल गर्दा भीमेश्वर नगरपालिकाको "बाल मैत्री आचार संहिता -२०७६", तथा जोखिममा रहेका बालबालिकाहरुको संरक्षणका लागि स्थापना गरिएको "बाल संरक्षण कोष संचालन कार्यविधि -२०७६, स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ७ :- प्रस्ताब नं.७ माथि छलफल गर्दा भीमेश्वर नगरपालिका विधायन मस्यौदा समितिले तयार पारेको "स्थानीय बजार ब्यबस्थापन,अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धि ऐन, २०७६ "को मस्यौदा विधेयक स्वीकृत गरी सम्बन्धित सरोकारवाला बीच छलफलमा लाने निर्णय गरियो ।